वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।
जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ८ ○अंक १४४ ○श्रेणी 'क' ○२०७२ फाल्गुन १५ गते शनिबार ○ 27 Feb. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

## पत्रकार महासंघ कास्कीद्वारा आठ बुँदे प्रस्ताव पारित
# 'सुशासन विना आर्थिक विकास असम्भव'

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ फाल्गुन ।

नेपाल पत्रकार महासंघ कास्की शाखाको १२औं साधारणभा शुक्रबार सम्पन्न भयो । साधारणसभाले विभिन्न आठ बुँदे प्रस्ताव पारित गरेको छ। साधारणसभाले संविधानको कार्यान्वयन गरि प्रेस स्वतन्त्रताको प्रत्याभूति दिलाउन, दलहरुलाई दबाब दिँदै प्रेसको तर्फबाट आफ्नो दायित्व निर्वाह गर्ने प्रण गर्ने भएको छ । श्रमजीवी पत्रकार एवं कार्यान्वयन गर्ने माग गर्दै साधारणसभाले सञ्चार नीति उच्चस्तरीय कार्यदलले स्थानीय तहका पत्रकारहरुसँग छलफल गरी व्यवहारिक नीति बनाउन साधारणसभाबाट आग्रह गरिएको छ । मुलुक संघीयतामा गइसके पनि व्यवहारिक रुपमा संघीयताको अनुभूति गर्न नपाएको सन्दर्भमा सञ्चार क्षेत्रमा तदअनुकूलको नीति, कार्यक्रम र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सरोकारवाला सँग नेपाल पत्रकार महासंघ कास्की र संस्थामा आवद्ध पत्रकारहरुले माग गरेको छ । पत्रकारमाथि हुने गरेका आक्रमण, धम्की र हरकतहरु बन्द गरी डररहित वातावरणमा पत्रकारिता गर्ने वातावरण बनाउन सरोकारवाला सबैसँग मागका साथै पोखराको समृद्धिका लागि पूर्वाधारको रुपमा रहेको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य तत्काल सुरु गर्ने महासंघ कास्की शाखाले आग्रह गरेको छ ।




पत्रकार महासंघको भवन निर्माणमा पत्रकार, स्थानीय सरकार, सरकारी निकाय, संघ-संस्था र राजनीतिक दल एवं नागरिकले पुऱ्याएको सहयोगप्रति आभार प्रकट गर्दै भवनलाई पत्रकारको पेसगत क्षमता अभिवृद्धि, सञ्चार क्षेत्रको संस्थागत सवलीकरण गर्ने प्रतिवद्धता जनाउँदै महासंघले कास्की शाखाका पूर्व अध्यक्ष माधव शर्मा राष्ट्रपति विद्यादेवी भण्डारीको सञ्चार विज्ञमा नियुक्त भएकोमा बधाई ज्ञापन गरेको छ ।

यसअघि साधारणसभा तथा लक्ष्मी कक्षको शुक्रबार पोखरामा उद्घाटन गर्दै नेपाल सरकारका गृह मन्त्री शक्ति बहादुर बस्नेतले सुशासन विना देशको आर्थिक विकास असम्भव बताए । मन्त्री बस्नेतले देश नयाँ राष्ट्रिय कार्यभार बनाउने अभियान जुटेका वेला सुशासन बिना देशको आर्थिक विकास गराउन नसकिने बताए । मुलुक अब राजनीतिकको दोश्रो चरणमा पुगेको भन्दै उनले मुलुकमा समृद्धि र शान्ति स्थापना गर्न पनि जारी भएको संविधानलाई कार्यान्वयनमा ल्याउनु मुख्य अवसर र चुनौती उत्तिकै रहेको स्पष्ट पारे । नयाँ संविधान बनेपछि मुलुक आर्थिक समृद्धि, शान्ति र सुशासन तर्फ उन्मुख हुनुपर्नेमा अझै पनि समस्यामा रुमलिनु परेकोले गर्दा आर्थिक विकास तीव्र गतिमा हुन नसकेको उनले बताए । उनले भने- 'संविधान सहमतिको एक गतिशील दस्तावेज हो, यो अति लचकदार हुन्छ, संविधानमा रहेका असहमतिका वस्तुलाई संविधानले नै समेट्न सक्छ ।' साढे ६ दशकपछि देशले राजनीतिक परिवर्तन गरेको भन्दै उनले सुशासन र आर्थिक संबृद्धिको लागि कलम चलाउन पत्रकारहरुलाई आग्रह गरे ।

अबको पत्रकार जगत पनि समय अनुसार परिवर्तन हुँदै आर्थिक मुद्धालाई केन्द्रमा राखेर आलोचनता र रचनात्मक ढंगले अघि बढ्न उनले आग्रह गरे । मन्त्री वस्नेतले महासंघ कास्की शाखाले प्रकाशित गरेको स्मारिकाको समेत विमोचन गरे । स्याङ्जा जिल्लाको जिल्ला परिषदको उद्घाटन गर्न पोखरा आएका मन्त्री बस्नेतले महासंघको साधारण सभामा सहभागी भएका हुन् । करिब दुई करोडको लगानीका हालै सम्पन्न भएको महासंघको पक्की भवनमा वहुउद्देश्यीय हल बनाउनका लागि लक्ष्मी हाउसले १६ लाख सहयोग गरेको थियो ।

कार्यक्रममा पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले महासंघको भवन निर्माणमा उपमहानगरपालिकाबाट करिब ४० लाख सहयोग गरेको बताए । उनले पत्रकारको हकहितका लागि थप सहयोग गर्ने बताउँदै पत्रकारिता स्वच्छ र मर्यादित ढंगले गर्न आग्रह गरे ।

लक्ष्मी हाउसका अध्यक्ष गणेश वहादुर श्रेष्ठले महासंघको प्रस्तावलाई आफूहरुको नाम रहने गरी हल संचालन हुने भएकोले सहर्ष स्वीकार गरेको बताए । उनले सूचनाको महत्व झन् भन्दा झन् बढ्दै गएकोले नयाँ प्रविधिसंग समेत पत्रकारहरुले सामना गर्नुपर्ने बताए ।

कार्यक्रममा कार्यक्रममा अग्रज पत्रकारहरु बद्रिविनोद प्रतिक, कृष्णप्रसाद बाँस्तोला, गंगाधर पराजुली, पुण्य पौडेल, पत्रकार महासघका केन्द्रीय सदस्यहरु सुष्मा पौडेल, रुद्र भटट, प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष रमेश पौडेल, प्रेस युनियनका केन्द्रीय सदस्य ऋर्षिकान्त पौडेल, प्रेस चौतारी कास्कीका अध्यक्ष माधव बराल, प्रेस युनियन कास्कीका अध्यक्ष शिरोमणि बराल लगायतले पत्रकारहरुको बारेमा बोलेका थिए । कार्यक्रममा बोल्ने अग्रज पत्रकारहरुले पत्रकारको सुरक्षा, सवलीकरण सुदृढिकरण, बृद्धि विकासका बारेमा जिम्मेवार बन्न सुझाव दिएका थिए।

पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कोषाध्यक्ष रामप्रसाद तिमिल्सिना र संचालन सचिव त्रिभुवन पौडेलले गरेका थिए ।

# फेरि अर्को विमान दुर्घटना
## चाहक र सह-चालकको दुईको मृत्यु, नौ यात्रु घाइते

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ फाल्गुन ।

नेपालगञ्जबाट जुम्लाका लागि उडेको काष्टमण्डप एयरको ९ एन एजेबी कलसाइन जहाज कालिकोटमा दुर्घटना हुँदा चालक दलका दुई सदस्यको ज्यान गएको छ । पाइलट दिनेश न्यौपाने र को-पाइलट सन्तोष रानाको ज्यान गएको नेपालगञ्ज विमानस्थल श्रोतले जानकारी दिएको छ। जहाजमा सवार अन्य ९ जना घाइते छन्। जहाजमा यात्रारत ३५ वर्षीय गणेश भट्टचन, ३५ वर्षीय मेघराज गिरी, २५ वर्षीय जगदम्बा खत्री, १६ वर्षीया सोनाली भट्टचन, ३० वर्षीयालक्ष्मी सुनार, गोविन्द भण्डारी, ३४ वर्षीय लक्ष्मण खड्का, ३१ वर्षीय धनन्जय खत्री र खत्री थरकी एक बालिका घाईते भएका हुन् ।


जहाज दुर्घटनामा परि घाइते बालकलाई पानी खुवाइँदै

घाइते भएका सबै नौं जनालाई थप उपचारका लागि सिम्रिक एयरको हेलिकोप्टरबाट नेपालगंज लगिएको मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतका डीआईजी माधव नेपालले जानकारी दिए ।

जहाजमा जम्मा ११ जना सवार थिए। जहाज १२:३० बजे नेपालगञ्जबाट उडेको थियो। घटनास्थल कालिकोट सदरमुकाम देखि ४ घण्टा पैदल दुरीमा पर्छ। नजिकैको बादमघाट प्रहरी चौकीबाट असइ दानबहादुर शाहीको नेतृत्वमा गएको प्रहरी टोलीले उद्दारकार्य गरिरहेको छ। सुर्खेतबाट नेपाली सेनाको हेलिकप्टरमा थप उद्दारकर्ता र चिकित्सक टोली घटनास्थलतर्फ लागेको कालिकोटका प्रमुख जिल्ला अधिकारीले जानकारी दिए। जहाजमा खरावी आएपछि आपतकालिन अबतरणको क्रममा चालक र सह-चालकले आफ्नो ज्यान फालेर भएपनि यात्रु जोगाएका हुन् । जहाज दुर्घटना भएपछि स्थानीय बासिन्दाहरुले नै उद्धार गरेर प्राथमिक उपचार गरेका थिए । दुर्घटनापछि कालिकोट सदरमकाम बाट प्रमुख जिल्ला अधिकारी सहितको टोली घटनास्थलमा पुगेको थियो । दुर्घटनाको भएको घण्टौंसम्म पनि उद्धारका लागि सरकारी टोली नपुगेपछि घाइतेहरुबीच रुवाबासी नै चलेको थियो ।

यसैबीच कालिकोटमा भएको जहाज दुर्घटनाको उद्धारमा ढिलाई हुँदा पाइलटले ज्यान गुमाउनु परेको छ । दुर्घटनापछि समयमै उद्धार हुन नसक्दा गम्भीर घाइते भएका जहाजका दुबै चालकको ज्यान गएको स्थानीय बासिन्दाले बताएका छन् । जहाजमा समस्या देखिएपछि चालकले गहुँबारीमा आकस्मिक अवतरण गराउने क्रममा जहाजको अगाडिको भाग भित्तामा ठोकिएको थियो । सो क्रममा पाइलट दिनेश न्यौपाने र को पाइलट सन्तोष राना गम्भीर घाइते भएका थिए । उनीहरुको समयमै उपचार हुन नसक्दा मृत्यु भएको हो । घटनास्थल जिल्ला सदरमुकाम बाट टाढा भएको र उद्धारका लागि समेत हेलिकोप्टर समयमा पुग्न नसकेपछि दुबै पाइलटको मृत्यु भएको स्थानीय शिवालय उच्च माविका लेखापाल अजबहादुर खत्रीले बताए ।

'जहाज बारीमा खसेपछि हामीले हतारमा सबैलाई बाहिर

बाँकी अन्तिम पृष्ठमा......

# पहिचान नखुलेका शवहरु काठमाडौं लगियो

गोल्डेन न्यूज संवाददाता
पोखरा १४ फाल्गुन ।

तारा एयरको जहाज दुर्घटनामा ज्यान गुमाएका ९ जनाको शव शुक्रवार काठमाडौं लगिएको छ । सनाखत हुन नसकेका ७ सहित ९ वटा शव काठमाडौं पठाएको कास्की प्रहरीले जनाएको छ । जहाज दुर्घटनामा ज्यान गुमाएका २३ मध्ये १६ जनाको सनाखत भएको छ । ७ जनाको अझै सनाखत हुन सकेको छैन । पहिचान खुल्न नसकेका चिनियाँ नागरिक माक सुई याङ, दिलकुमारी गौचन, देवीजंग गुरुङ, फेनजोक गुरुङ , लक्ष्मी हिराचन, लेप्साङ लामा र कान्छा परियारको शव डिएनए परिक्षणका लागि काठमाडौं लगिएको हो । पहिचान खुलेका कुवेती नागरिक रसिद अहमद र नेपाली सेनामा कार्यरत राजकुमार तामाङको शव पनि काठमाडौं लगिएको छ । पोखरा ल्याएका २० मध्य पहिचान भएको १६ शवमा ११ वटा आफन्तले बुझिसकेका छन् । तीन वटा शव घटनास्थल बाटै आफन्तले बुझेर लगेका थिए ।

पहिचान भएको मध्य चालक दलका तीन जना पाइलट रोशन मानन्धर, कोपाइलट दिकेश नेमकुल, एयर होस्टेज रमा राउत र सिन्धुपाल्चोक का डोल्मा छिरिङ शेर्पाको शब आफन्तले बुझेर काठमाडौं लगेका छन् । त्यस्तै बालकृष्ण निउरेको शब आफन्तले बुझेर बाग्लुङ लगिसकेका छन् । पोखरा फूलवारी घर भई मुक्तिनाथ गाविसका सचिव मुक्तिनाथ वास्तोलाको शब पनि आफन्तले बुझेका छन् । मुस्ताङकी कमला थकालीको शब पनि आफन्तको जिम्मा लगाईएको प्रहरीले जनाएको छ ।

पहिचान खुलेका ६ महिने वालिका, कुवेती नागरिक रसिद अहमद, नेपाली सेनामा कार्यरत राजकुमार तामाङ, स्याङजाका मोतीबहादुर केसी र पोखराका रेवती बरालको शब आफन्तले बुझ्न बाँकी छ । मुस्ताङका विनता भट्टचन उनका दुई महिने नावालक र कृष्णलाल भट्टचनको शब आफन्तले पहिचान गरी घटनास्थलबाटै बुझेका छन् ।

बुधवार विहान ७ बजेर ५० मिनेटमा पोखराबाट जोमसोमको उडेको तारा एयरको ढल्ब्ज्ज कलसाईनको जहाज उडान भरेको १० मिनेटमै दुर्घटनाग्रस्त भएको हो । मृतकको शब एयर डाईनेष्टि हेलिकप्टर मार्फत बिहिवार पोखरा ल्याईएको हो । दुर्घटनामा भएको झण्डै ६ घण्टापछि घटनास्थल पुगेको नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोलीले बुधवार दिनभर र विहिवार विहान शब संकलन गरेको थियो ।

# संस्थापनबाट सभापतिमा रामचन्द्र,महामन्त्रीमा सशांक

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १४ फाल्गुन ।

नेपाली कांग्रेसको आसन्न महाधिवेशनमा संस्थापन पक्षबाट सभापति र महामन्त्रीको उम्मेदवारको लगभग टुंगो भएको छ। बिहिबार साँझ नेपाली कांग्रेसका नेता रामशरण महतको महाराजगंज स्थित निवासमा संस्थापन पक्षका एकदर्जन बढी नेताको भेलाले रामचन्द्र पौडेललाई सभापतिमा र सशांक कोइरालालाई महामन्त्रीमा उठाउने तय गरेको छ।

महत निवासमा पौडेल, सशांक र शेखर कोइराला, प्रकाशमान सिंह, आमोदप्रसाद उपाध्याय, दिलबहादुर घर्ती, मिनेन्द्र रिजाल, नारायण खड्का, दिलेन्द्र बडू, आनन्दप्रसाद ढुंगाना, लगायतको उपस्थिति थियो। संस्थापन पक्षका महत्वपूर्ण नेताहरुको भेलाले शनिबार बस्ने पार्टीको केन्द्रीय समितिको बैठक पछि आफ्नो पक्षको उम्मेद्वारी घोषणा गर्ने तय गरेका छन्।

उम्मेद्वारीको लगभग टुंगो गरेपछि महत निवासमा महामन्त्री कृष्णप्रसाद सिटौलालाई पनि बोलाइएको थियो। संस्थापन पक्षकै नेता सिटौलाले पनि सभापतिमा उठ्ने बताउँदै आएका छन्। सिटौला महत निवास पुगेपछि नेताहरुले उनीसँग संयुक्त र पौडेलले एक्लै पनि कुरा गरेका थिए। उनीहरूले संस्थापन पक्षको सभापतिमा एउटा मात्रै उम्मेदवार बनाउनु पर्ने भन्दै सिटौलालाई उमेद्वारी नदिन अनुरोध गरेका थिए।

पौडेलले सिटौलालाई बाँकि पदाधिकारी पदमा मिलाएर लैजान सकिने भन्दै उनलाई कुन पदमा


रामचन्द्र


सशांक

इच्छा छ सुझाउन अनुरोध गरेका थिए। सिटौलाले भने आफू सभापतिमा लड्ने पक्षमा रहेको भन्दै साथीहरूसँग सल्लाह गरेर निर्णय लिने बताए।

सिटौलालाई मनाउन शुक्रबार बिहान पनि संस्थापन पक्षका केहि नेताहरू उनको निवास गएका थिए। तर उनीसँग के छलफल भयो अझै थाहा छैन। सिटौला र गगन थापा मिलेर संस्थापन बाटै दोस्रो जोडी उठ्ने नउठ्ने पनि आज साँझसम्ममा टुंगो लाग्ने सम्भावना छ। सिटौला सभापतिमा उठ्ने भए आफू मिलेर महामन्त्रीमा उठ्न तयार रहेको थापाले उनलाई बताएका छन्।

रामचन्द्र पौडेल र सशांकको जोडी उठ्ने टुंगोसँगै देउवा पक्षबाट पनि शेरबहादुर देउवा र अर्जुननरसिंह केसी सभापति र महामन्त्रीमा उठ्ने लगभग पक्का भएको छ। देउवाले सशांकलाई मिलाएर आफू सभापति र उनलाई महामन्त्री उठाउने गरेको प्रयास अब सकिएको छ। सुशील कोइरालाको निधन पछि मात्रै देउवाले सशांकलाई चार पटक भेटि मिलेर चुनाव लड्न र पार्टी भित्र रहेको ६०/४० को मानसिक विभाजन मेटाएर अघि बढ्न अनुरोध गरेका थिए।

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ नै किन ?

बबिन टेलरिङ सटिङ्ग एण्ड सुटिङ्ग
DIGIAM
Ashvira
OCM

सुन्दर हेयर एण्ड ब्युटी
हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension गर्नुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५९३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

तुरुन्त आवश्यकता
पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका गोल्डेन न्यूज दैनिक र सामुदायिक रेडियो सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि केही कर्मचारीहरु आवश्यक परेको हुँदा योग्य, इच्छुक र अनुभवी व्यक्तिले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्पर्क राख्नुहोला।

| क्र.सं. | पद | संख्या | पारिश्रमिक |
|---|---|---|---|
| १. | समाचार सम्पादक | १ जना | न्यूनतम् १०,०००।- |
| २. | मार्केटिङ अफिसर | २ जना | न्यूनतम् १०,०००।- |
| ३. | कम्प्युटर सहायक | १ जना | न्यूनतम् ७५००।- |
| ४. | समाचार वाचक | २ जना | न्यूनतम् ६०००।- |
| ५. | संवाददाता | केही | श्रमजीवि ऐनअनुसार |

सम्पर्क
गोल्डेन न्यूज दैनिक तथा सुनौलो एफ.एम.को कार्यालय
सुनौलो भवन, मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा
फोन : ०६१-५३९४५५,५३२४३३,५३२४४६

# शनिबारीय स्वास्थ्य चर्चा

## दादुरा रोग र उपचार

दादुरा(**Measles**) विषाणु (**Virus**) बाट हुने अतिसंक्रामक रोग हो । सन् २००१ मा संसारभरी अनुमान गरेअनुसार करिव ३ करोड बालबालिकाहरूमा दादुरा रोग देखापरेको थियो । ती मध्ये ७ लाख ४५,००० बालबालिकाहरू को यस रोगका कारण मृत्यु भएको थियो । खोपबाट बचाउन सकिने रोगहरू मध्ये दादुरा रोगले बालबालिकाहरूको बढी मृत्यु गराउँछ । दादुरा अतिसंक्रामक रोग भएकोले यस रोगले महामारी गराउन सक्दछ। खास गरेर यस रोगले कुपोषित बच्चाहरूको बढी मृत्यु गराउँछ । दादुरा रोग लागेका बालबालिकाहरूलाई पोषिलो खाना र झोलिलो खाने कुरा जरुरी हुन्छ । कान पाक्ने र कडा श्वास-प्रश्वास रोगको उपचारको लागि मात्र प्रतिजैविक (**antibiotics**) औषधी दिनुपर्दछ । बिरामीलाई खान र झोलिलो पदार्थ पिउन प्रोत्साहित गर्नुपर्दछ । विकासोन्मुख मुलुकहरूमा दादुरा रोगको निदान भइसकेका बालबालिकाहरूलाई २४ घण्टाको फरकमा २ मात्रा पूरक भिटामिन ए क्याप्सुल खुवाउनुपर्दछ । पूरक भिटामिन ए ले दादुरा रोगबाट मृत्यु हुने संख्यालाई ५० प्रतिशतले घटाउनुका साथै आँखा विग्रन र अन्धोपन हुनबाट बचाउँछ ।

यस्तै, दादुरा भाइरसको कारणले दादुरा हुन्छ र यो हावा, छिटा वा संक्रमित व्यक्तिको नाक वा घाँटीको स्रावसँग प्रत्यक्ष सम्पर्क गर्नाले र कम मात्रामा, नाक र घाँटीको स्रावले दूषित बनेका वस्तुहरूबाट फैलिन्छ। यसबाट ग्रसित व्यक्तिहरूलाई शुरूमा थकान, ज्वरो, खोकी, रातो आँखा र मुख भित्र सेतो दागहरू देखिन्छन्। यसको घ(ठ दिनहरू पछि रातो टाटो सहित छालामा खटिरा देखा पर्छ। यो खटिरा प्राय अनुहारबाट शुरू भएर तल शरीरमा फैलिन्दै जान्छ। जटिल मामिलाहरूमा, मध्य कान, फोक्सो र मस्तिष्कमा पनि समस्या देखिन सक्छ र गम्भीर परिणाम वा मृत्यु पनि हुन सक्छ।

### दादुरा रोगका चिन्ह र लक्षणहरू

दादुरा रोगको पहिलो लक्ष्यण उच्च ज्वरो आउनु हो । रोगीसँग सम्पर्क भएको १०-१२ दिन पछि ज्वरो आउँछ । यो समयमा रोगीको नाकबाट पानी बग्ने, खोकी लाग्ने, आखाँ रातो हुने वा आँशु बग्ने र रोगीको गालाको भित्रीभागमा मसिना सेतो दाग (**Koplick spot**) देखापर्दछन् । केही दिनपछि मुख तथा माथिल्लो गर्दनको भागमा केही उठेका विमिरा (**Rash**) देखापर्दछन् । यी विमिरा करिव ३ दिनभित्र छाती, पेट, हात तथा खुट्टामा फैलिन्छन् । यी विमिरा ५, ६ दिन सम्म रहिरहन्छन् र त्यसपछि क्रमशः हराएर जान्छन् । सामान्यतया यो रोगको जिवाणु शरीरमा प्रवेश गरीसकेपछि यसको लक्षण देखिन १४ दिन (घटीमा ७ दिन र बढीमा १८ दिनसम्म) लाग्दछ

### दादुरा कसरी सर्दछ

दादुरा रोग रोगीको नाक तथा घाँटी बाट निस्किने तरल पदार्थको सम्पर्कमा आँउदा, हाच्छयूँ गर्दा, र खोक्दा यसका विषाणु हावामा फैलिन्छन् र यो रोग सर्ने गर्दछ । ड्ड दादुरा रोगको लक्षण देखिनु भन्दा अगाडि तथा लक्षण देखिइसकेपछि पनि धेरै दिनसम्म यो रोगको रोगीले दादुराका विषाणु सार्दछ । यो रोग बालबालिकाहरू समूहमा जम्मा हुने या भिड हुने स्थानहरूमा सजिलैसँग एकअर्कामा सर्न सक्दछ, जस्तैः विद्यालय, अस्पताल आदि ।



### दादुरा रोगका जटीलताहरू

खोप नपाएका ५ वर्षमुनिका बालबालिकाहरू, विशेषगरी १ वर्षमुनिका शिशुहरू दादुराको जटिलताको जोखिममा पर्नुका साथै मृत्यु समेत हुनसक्छ । दादुराबाट संक्रमित शिशुहरूमा कडाखालको झाडा लागेर जल वियोजन हुन जान्छ । बालबालिकाहरूमा कान पाक्ने (**Otitis Media**) तथा कडा खालको श्वास प्रश्वासको संक्रमण (निमोनिया) हुन जान्छ । दादुरा रोग लागेर मृत्यु हुने कारण धेरै जसो निमोनिया हो । दादुराको विषाणुले प्रतिरोधात्मक क्षमतालाई कमजोर पारिदिने भएकोले यस्तो भएको हो । निमोनिया दादुराको विषाणुले वा अन्य जिवाणुको संक्रमणबाट हुने गर्दछ । दादुराको कारणबाट कहिले काँहि मस्तिष्कमा कडा खालको सुजन (**inflammation**) भई मस्तिष्क ज्वरो (**encephalitis**) पनि आउन सक्दछ । कडा खालको दादुरा रोग विशेषगरी कुपोषित, चाहिने मात्रामा भिटामिन ए नपाएका, **HIV/ AIDS** र अन्य रोगका कारणबाट प्रतिरोधात्मक क्षमता कमजोर भएका र धेरै जना परिवार संख्या भएका ठाउँमा हुर्केका बालबालिकालाई लाग्दछ । अफ्रिका महादेश तथा बर्षैभरि दादुरा देखिने विश्वका अन्य मुलुकमा अन्धोपनको मुख्य कारण नै दादुरा रोग हो । एकपटक दादुरा रोग लागिसकेपछि निको भएका बालबालिकाहरूलाई जीवनभर दादुरा रोग विरुद्धको प्रतिरोधात्मक क्षमता विकास हुन्छ ।

### दादुरा रोगको उपचार

दादुरा रोग लागेका बालबालिकाहरू लाई पोषिलो खाना र झोलिलो खाने कुरा जरुरी हुन्छ । कान पाक्ने र कडा श्वास-प्रश्वास रोगको उपचारको लागि मात्र प्रतिजैविक (**antibiotics**) औषधि दिनुपर्दछ । बिरामीलाई खान र झोलिलो पदार्थ पिउन प्रोत्साहित गर्नुपर्दछ । विकासोन्मुख मुलुकहरूमा दादुरा रोगको निदान भइसकेका बालबालिकाहरू लाई २४ घण्टाको फरकमा २ मात्रा पूरक भिटामिन ए क्याप्सुल खुवाउनुपर्दछ । पूरक भिटामिन ए ले दादुरा रोगबाट मृत्यु हुने संख्यालाई ५० प्रतिशतले घटाउनुका साथै आँखा विग्रन र अन्धोपन हुनबाट बचाउँछ ।

दादुरा रोग विरुद्ध लगाइने खोपले दादुरा रोगबाट बचाउन सकिन्छ । दादुरा रोग अतिसंक्रमित रोग भएकोले यस रोगको प्रतिरोधात्मक क्षमता कम भएका बालबलिका रोगीको सम्पर्कमा आएमा दादुरा रोगबाट संक्रमित हुन्छन् । अस्पतालमा दादुरा रोग सर्ने खतरालाई न्यूनीकरण गर्न अस्पतालमा भर्ना भएका तथा दादुरा विरुद्ध खोप नलिएका लक्षित समुहका बालबालिकाहरूलाई दादुरा रोग विरुद्ध खोप दिनुपर्दछ । त्यस्ता बालबालिकाहरूका बाबु-आमालाई आफ्ना बाल बालिकाहरूले खोप पाएको थाहा नभएमा पनि दादुरा विरुद्ध खोप दिनुपर्दछ । बालबालिकालाई दादुरा र रुबेलाविरुद्ध दिइने एमआर र क्षयरोगविरुद्धको बीसीजी खोप देशब्यापी अभाव भएको छ । स्वास्थ्य सेवा विभागअन्तर्गत खोप तथा औषधी उपकरण खरिद गर्ने आपूर्ति ब्यवस्था महाशाखाले समयमै टेण्डर गर्न नसक्दा बालबालिकाको जीवनसँग जोडिएका महत्वपूर्ण खोप डेढ महिनादेखि अभाव भएको नागरिक दैनिकमा खबर छ । यी रोग बालमृत्युका प्रमुख कारण मानिन्छ । महाशाखाले बालबालिकालार्य नियमित चाहिने बीसीजी खोप दुईवर्षदेखि किन्न सकेको छैन । एमआर खोप पनि गत वर्ष विशेष निर्णय गरेर खरिद गरिएको थियो । तल्लो तहमा रहेका क्लिनिक तथा ठूला अस्पतालले खोप अभाव भएको गुनासो गरिरहेका छन् । 'खोप लगाउन स्वास्थ्य चौकी जानेहरु त्यसै फर्किरहेका छन्,' बालस्वास्थ्य महाशाखाका एक अधिकारीले भने, 'तत्काल खोप लगाउन पर्नेहरुको पनि अभावका कारण म्याद गुज्रिरहेको छ । एक पटक खोप नपाएर फर्किनुपरेपछि फेरि आउने दर कम हुन्छ ।'

## औलो र यसबाट बच्ने उपायहरु



सामान्य तया मलेरिया भनेर चिनिने यो रोग प्लाज्मोडियम नामक परजिवीका विभिन्न जातहरुवाट हुने गर्दछ। प्लाज्मोडियम भाइवेक्स,प्लाज्मोडियम मलेरि, प्लाज्मोडियम ओभेल र प्लाज्मोडियम फाल्सिपारम गरी चार जातका परजिवीहरु वाट यो रोग लाग्ने गर्दछ। साधरणतया नेपालमा प्लाजमोडियम भाइभेक्स र प्लाज्मोडियम फाल्सीफारम गरी दुई जातका परजिबीहरु पाइन्छ। प्लाज्मोडियम फाल्सीफारम जातको औलोले मानिसको मस्तिष्कमा समेत आक्रमण गर्न सक्ने हुनाले मानिसको ज्यान छिटो लिने गर्दछ । एनोफिलिज जातको पोथी लामखुट्टेले स्वास्थ्य मानिसमा टोक्दा मलरियाका परजिवीहरु सर्ने गर्दछन। मानिसको शरीरमा प्रवेश गरेपछी कलेजो र राता रक्तकोषहरुमा विकाश भई हुर्किएका परजीविहरु रगतको माध्यमवाट शरीर भरी फैलिएर विभिन्न किसिममा लक्षणहरु देखा पर्दछन। वेलामा नै सही निदान र उपचार नभए मा छोटो समय मै ज्यान लिन सक्ने रोग हो ।

अहिले पनि औलोका कारण मर्नेहरुको संख्या वार्षिक करिब ६ लाख ६० हजारको हाराहारीमा छ भने रोगद्वारा संक्रमित हुनेहरुको संख्या २१९ मिलियनभन्दा ज्यादा छ। एसिया, अमेरिका र उप-सहारा अफ्रिका क्षेत्रमा मूल जरो गाडेको यो रोगको महामारीय चपेटामा विश्वका झण्डै १ सय ९ देश पर्छन्, जसमध्ये ४५ वटा देशमात्र अफ्रिकाका हुन्। मलेरिया संक्रमणले हुने मृत्युको ८० देखि ९० प्रतिशत हिस्साको भागिदार पनि अफ्रिकीहरु नै हुन्, जहाँ हरेक ३५ सेकेन्डमा एक जनाले मलेरियाका कारण ज्यान गुमाउँछ।

औलोसँग सम्बन्धित यिनै काहालीलाग्दो तथ्याङ्कबीच रहेर विश्व औलो दिवस पनि मनाइन्छ। भविष्यमा लगानी गरौं, औलो निरस्त पारौं भन्ने मन्त्रका साथ मनाइने यस पटकको औलो दिवसले विश्व मानवता र अन्तर्राष्ट्रिय समुदायको सन् २०१५ सम्म औलोले हुने मृत्यु शून्यमा झार्ने लक्ष्य सफलीभूत पार्न नयाँ धारबाट प्रयास गर्ने सन्देश दिएको छ।

औलो मलेरिया परजीवी नामक एककोषीय जीवको संक्रमणले हुने रोग हो। प्रोटोजुआ वर्गअन्तर्गत पर्ने प्लास्मोडियम नामको यो परजीवीको चार मुख्य प्रजाति-प्लास्मोडियम-फेल्सिपेरम, प्लास्मोडियम-वाइवेक्स, प्लास्मोडियम-मेलेरिया र प्लास्मोडियम-वोभेल छन्। यीमध्ये प्लास्मोडियम-फेल्सिपेरम र प्लास्मोडियम वाइभेक्स सबभन्दा ज्यादा घातक हुन् भने संक्रमणका हिसावले पि.फेल्सिफेरम सबैभन्दा खतरनाक किसिमको औलोको परजीवि हो। मलेरिया परजीवीको आविष्कार हुनु पूर्व यस रोगलाई खराब हावाको कारण हुने रोग मानिन्थ्यो, जसले गर्दा यो रोगको नामै मलेरिया रहन गयो। सन् १८८० मा फ्रान्सेली सैन्य चिकित्सक चाल्स लुई अल्फेस लैवेरनले औलो संक्रमित व्यक्तिको राता रक्तकोषहरुको सुक्ष्मदर्शीय अध्ययन गरेर मलेरिया परजीवि पत्ता लगाएपछि परजीविका कारण हुने संक्रामक रोग हो भन्ने पत्ता लाग्यो। त्यसको १८ वर्षपछि अग्रेजी सैन्य चिकित्सक सर रोनाल्ड राँसद्वारा भारतको सिकन्दरावादमा गरेको अध्ययनले मलेरिया लामखुट्टेले गर्दा सर्ने रोग हो भन्ने पुष्टि भयो। औलोको कारण परजीवी र परजीवि सार्ने बाहक पत्ता लागेको केही दशकअगाडि सन् १८२० मा फ्रान्सेली रसायन शास्त्रीहरुले सिनकोन भन्ने रुखको बोक्राबाट क्युनेन संश्लेषण गरेर मलेरियाको औषधि पत्ता लगाइसकेका थिए। तैपनि औलो नियन्त्रणमा खासै उल्लोखनीय उपलब्धि हुन सकेको थिएन र सन् १९४० मा डीडीटी मालथिन जस्ता विषादिको आविष्कारले लामखुट्टे नियन्त्रणमा उल्लेखनीय सुधार भएपछि औलो नियन्त्रित हुँदै गयो।

औलो फैल्याउने मुख्य बाहक एनाफिलेक्स जातिको पोथी लामखेट्टे हो। पोथी एनाफिलेक्स लामखुट्टेलाई अण्डा पार्न रगतको आवश्यकता हुने भएकाले यो रात पर्नेबित्तिकै रगतको खोजीमा निस्कन्छ। औलोद्वारा संक्रमित व्यक्ति वा अन्य जीवलाई टोकेपश्चात् परजीविहरु लामखुट्टेमा सर्न पुग्छन्। लामखुट्टेको पेटमा आफ्नो निश्चित विकास गरिसकेपछि यी परजीवी झन् संक्रामक भई लामखुट्टेको रालमा आउन थाल्छन्। यो अवस्थामा संक्रमित लामखुट्टेले स्वस्थ व्यक्तिलाई टोकेमा यी परजीवी व्यक्तिको रगतमा पुग्छन्। रगतमा पुगेको केही घण्टापछि यी परजीविहरु कलेजोमा पुगी संख्यात्मकरूपमा वृद्धि गर्छन्। यसको सातदेखि १५ दिनभित्र राता रक्तकोषहरुमा परजीवीले संक्रमित गर्दा औलोका लक्षण देखापर्छन्। पाँच वर्षभन्दा कम उमेरका बालबालिका, गर्भवती महिला, एचआइभी र एड्स लागेका बिरामी औलो संक्रमित क्षेत्रबाट बसाई सरेका आप्रवासीहरु, औलो नभएका ठाउँबाट भएका ठाउँमा घुम्न आएका अन्तर्राष्ट्रिय पर्यटक यो रोगको जोखिममा छन्।

मलेरिया रोगको मुख्य लक्षण एक दिन बिराएर काम ज्वरो आउनु हो। ज्वरो आउँदा पहिले काम छुट्नु, चिसो लाग्नु, ज्वरो बढ्दै गएर तातो हुनु र त्यसपछि पसिना छुट्नु यी तीन अवस्था क्रमशः देखिन्छन्। त्यसका अलावा जोर्नी दुख्नु, वान्ता हुनु, राता रक्तकोष संक्रमित भएका कारणले रक्तअल्पताका लक्षण देखा पर्नु, जस्तै-कालो रंगको पिसाव आउने, जन्डिसका लक्षण देखिने, कमजोरी महसुस हुने, मलेरियाका लक्षण हुन्। रोग बढ्दै गएपछि कलेजो र फियोको आकार पनि बढ्न थाल्छ। टाउको दुख्नु र मुर्छा पर्ने जस्ता लक्षण पनि देखापर्छ। रोग बढ्दै गएमा रोगीको मृत्यु पनि हुन सक्छ। औलोको निदान तथा उपचार जतिसक्दो चाँडो गर्यो, त्यति नै व्यक्तिलाई औलोबाट हुने क्षति तथा मृत्युबाट बचाउन सकिन्छ। रोग पत्ता लागिसकेपछि चिकित्सकको सल्लाहमा औलोको औषधि खुवाउनुपर्छ। औलोबाट बच्न मुख्य उपाय भनेकै लामखुट्टेको टोकाईबाट बच्नु हो। लामखुट्टे दूषित वातावरणमा र नबग्ने पानीको स्रोत भएको ठाउँमा ज्यादा पाइने भएकाले यसबाट छुट्कारा पाउन जरुरी छ।

१. राति सुत्दा झुल प्रयोग गर्ने वा लामखुट्टे भगाउने धूप बाली सुत्दा लामखुट्टेको टोकाईबाट बच्न सकिन्छ।
२. संक्रमित क्षेत्रमा नियमितरूपमा लामखुट्टे मार्ने विषादि छर्किन लगाऔं।
३. आफ्ना घर आँगनको वरिपरि पानी जम्ने खाल्डाखुल्डी भए त्यसलाई पुरौं।
४. सम्भव भएसम्म औलो संक्रमित क्षेत्रमा नजाऔं, जानै परे औलो प्रतिरोधक औषधिहरु लिएर मात्र जाऔं।
५. लामो बाउला भएको लुगा लगाऔं ताकि लामखुट्टेले टोक्न नसकोस्।
६. औलो भएको शंका लागेमा तुरुन्तै चिकित्सकसँग परामर्श लिएर शीघ्र निदान तथा उपचारतिर लागौं।
७. औलो लागेको बेला एस्प्रिन, डिस्प्रिन, ब्रुफेन जस्ता औषधिले आन्तरिक रक्तश्राव बढाउने भएकाले यस्ता औषधि सेवन नगरौं।
८. आफ्नो घर वरिपरिको वातावरण दूषित हुन नदिऔं। लामखुट्टे नियन्त्रण गर्ने विषादि नियमित छर्किऔं।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल फाल्गुण १५ गते शनिबार, तदनुसार फरवरी २७ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शिशिर ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार फाल्गुनकृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज फाल्गुनकृष्णपक्षको पञ्चमी तिथि अहोरात्र रहनेछ । आज सूर्य कुम्भ राशिमा, चन्द्रमा तुला राशिमा अहोरात्र रहनेछ । आज दिनमान २८ घटि ४१ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३३ मिनेटमा यम मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर २ मिनेटमा हुनेछ ।**

### आजको राशिफल

**मेष** : एक्कासी आम्दानीमा वृद्धि, राज्यपक्षबाट सहयोग, प्रेम प्रसंग सफल, तार्किक क्षमताको विकास हुनेछ ।

**वृष** : यशकीर्ति बढ्ने, आफन्तबाट सहयोग, नवीन कार्यमा लगानी, व्यापारबाट पर्याप्त मुनाफा हुनेछ ।

**मिथुन** : स्वास्थ्यका एक्कासी समस्या देखा पर्ने, हतियारबाट कष्ट, विरोधी सक्रिय, नास्तिक विचार पलाउनेछ ।

**कर्कट** : समस्यासंग संघर्ष, पेट रोगले पिरोल्ने सम्भावना, व्यापारमा गिरावट, अशुभ समाचार सुन्नुपर्ला ।

**सिंह** : जोखिम कार्य सफल हुने, यात्रा फलदायी, तार्किक क्षमताको विकास, अध्ययनमा सफलता मिल्नेछ ।

**कन्या** : कार्यमा व्यावधान आम्दानी घट्ने पारिवारिक किचलो, स्वास्थ्यमा धन खर्च गर्नुपर्ने छ ।

**तुला** : पारिवारिक सहयोग, उत्साह उमंग पलाउने, व्यापारबाट लाभ, वैयक्तिक प्रभाव बढ्नेछ, समय शुभ रहनेछ ।

**वृश्चिक** : मनमा अनावश्यक पीडा, अनावश्यक टक राव हुने, आर्थिक भार थपिने, आफन्तबाट धोका पाइनेछ ।

**धनु** : रोजगारीबाट आत्म सन्तुष्टि मिल्नेछ, मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, सम्मानको अवसर ।

**मकर** : नयाँठाउँको अवलोकन, आ रोग्य जीवनको उपभोग, विरोधी माथि विजयी, प्रतियोगितामा सफलता मिल्नेछ ।

**कुम्भ** : दुर्घटनाका भय, आफन्तसँग मनमुटाव, शारीरिक पीडा थपिने समय ख राब छ, सतर्क हुनुहोला ।

**मीन** : मानहानि हुन सक्नेछ, अनावश्यक झन्झट आइलाग्ने, मन परेको खानमा अवरोध हुने, दिन खराब रहनेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

## लेखनाथ महोत्सवमा झुमे दर्शक

**पोखरा १४ फाल्गुन ।**

जब साँझ ढल्दै जान्छ, टिकट विक्री पनि ह्वात्तै बढ्छ । क्षणभरमै खाली मैदान युवा दर्शकले भरिन्छ । कास्कीको लेखनाथमा जारी लेखनाथ महोत्सवमा साँझको समय युवामय बन्ने गरेको छ । दिन लामो र साँझपख शितल हुने भएकाले दर्शकहरु पप कन्सर्ट हेर्न महोत्सवमा झुम्मिने गरेका हुन । युवा पुस्ताका दर्शकलाई लक्षित गर्दैं, आयोजकले चर्चित पप गायकलाई स्टेजमा उतार्ने गरेका छन् । प्रमोद खरेल, मिलन अमात्य, मनोज गुरुङ्ग, नरजंग गुरुङ्ग, मेलिना राई लगायतले युवाको साँझलाई रंगिन बनाएका थिए ।

साँझपख दर्शको चाप बढ्दै गएपछि आयोजकले पनि चर्चित कलाकार स्टेजमा उतार्ने गरेका हुन । यस्तै शुक्रबार पनि चर्चित पप गायक सुगम पोखरेलले युवा पुस्तालाई साथ दिए । हेल्लो लेखनाथ भन्दै पोखरेल मञ्चमा उक्लिए पछि दर्शकले चर्को हुटिङका साथ समर्थन गरे । दशै तिहारको गीतबाट शुरु गरेका पोखरेलले जव, फेरी त्यो दिन सम्झन्न चाहान्न, यही कथा म दोहोर्‍याउन चाहान्न गाएका थिए युवाहरु मस्तीसँग झुमेका थिए । आयोजकले शनिबारलाई दर्शक बढी भित्र्याउन शिव परियार लगायतका कलाकार स्टेजमा उतार्ने रणनीति बनाएका छन् । चर्चित कलाकारको प्रस्तुतीले दर्शकको चाप बढेपछि साँझपख रेष्टुरेण्टको व्यापार पनि राम्रै हुने गरेको छ । १२ औं लेखनाथ महोत्सवको दशौं दिनसम्म आइपुग्दा १४ करोड रुपैयाको कारोबार भएको छ । महोत्सवमा दुई लाख ४५ हजार दर्शकले अवलोकन गरेको महोत्सव प्रचार-प्रसार उपसमितिका संयोजक भरतकुमार अधिकारीले जानकारी दिए । महोत्सव सकिन दुई दिन बाँकी छदा दर्शकले समेत साथ दिएका छन् । शुक्रबार लोकदोहोरी तर्फ पशुपति शर्मा, राजन ठकुरी, माधव चापागाइँ, कल्पना दाहाल, ज्योति लोहनी, जानकी मगर, जीवन दाहाल, शिवहरि ढुंगाना, राजा राजेन्द्र लगायतले दर्शकलाई साथ दिएका थिए ।

यसैगरी महोत्सवको मुख्य आकर्षण गायन विधाको गण्डकी तारा प्रतियोगितामा शुक्रबार सातजनाबाट ५ जना छनौट भएका छन् । प्रतियोगितामा अनिल वि.क, राम घर्तिमिरे, अदीति शर्मा, कुशल पोखरेल र सोनु कुमार वि.क छनौट भएको गण्डकी ताराका संयोजक भक्तवहादुर के.सीले जानकारी दिए । गण्डकी ताराको विजेता सहित उत्कृष्ट छनौट भएकालाई संगीतकार बसन्त सापकोटाले चलचित्रको गीतमा मौका दिने भएका छन् ।

यसैगरी चाइल्ड ट्यालेन्ट सो को गायन विधामा मदरल्याण्ड उच्च मा.वि का शिक्षा कार्की प्रथम भएकी छन् । प्रतियोगितामा भ्यूप्वाईन्ट वोर्डिङ स्कुलका अंसु गुरुङ्ग द्वितीय, गोगन उच्च मा.विका रन्जीत वि.क तृतिय र बागमारा एकेडेमीका करुणा सुनार र स्माइल हेभेनका दीक्षा वि.क सान्त्वना भएका छन् ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स.२०४१/०६/०१

ब्रम्हलीन
वि.स.२०७२/११/०३

**स्व. देवकी अधिकारी (बस्ताकोटी)**

हाम्री प्रातः स्मरणीय बुहारी देवकी अधिकारी (बस्ताकोटी) को अकल्पनीय एवं असामयिक निधन भएकोमा हामी सम्पूर्ण परिवारजन अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। उनको दुःखद् निधन भएको आज १३औं दिनको पुण्य तिथिमा ब्रम्हलीन आत्माको चीरशान्तिको कामनाका गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकको यस घडिमा हामीप्रति सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण इष्टमित्र तथा शुभचिन्तक तथा शुभेच्छुहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

सा. यज्ञप्रसाद अधिकारी — राजु प्रसाद अधिकारी
राजन आचार्य — मधु अधिकारी
एवं सम्पूर्ण अधिकारी परिवार, लेखनाथ-१६, शान्तिटोल

